# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १६७ | काठमाडौं | सोमबार, २७ असोज २०८२ | Prabhab National Daily | Monday, 13 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




त्रिविको जग्गा खोजबिन प्रतिवेदन

# दुई हजार रोपनीभन्दा बढी जग्गा अपचलन

- त्रिविको जग्गा तथा अचल सम्पत्ति संरक्षणमा सरकारको गम्भीर लापरवाही
- देशभरका त्रिविका क्याम्पसहरु र विशेषगरी कीर्तिपुर परिसरभित्र तथा बाहिरका जग्गाहरूको अवस्था अत्यन्तै कमजोर
- कृषि बागवानी केन्द्र, लेबोरेटोरी मावि, राधास्वामी सत्संग व्यास नेपाललगायत संघसंस्था तथा व्यक्तिद्वारा कीर्तिपुरस्थित त्रिवि विश्वविद्यालय क्याम्पसको जग्गामा रजाइँ
- केपी ओली नेतृत्वको सरकारले लुकाएको थियो प्रतिवेदन

त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन
२०८१

प्रतिवेदनकर्ता

| | |
|---|---|
| महेन्द्र कुमार थापा | संयोजक |
| जानकी बल्लभ अधिकारी | सदस्य |
| प्रा.डा. प्रेमसागर चापागाई | सदस्य |
| सुशीला अधिकारी | सदस्य सचिव |

२०८१ साल मार्ग १४

■ जेबी योञ्जन

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)को जग्गा तथा अचल सम्पत्तिको चरम हिनामिना र अतिक्रमण भएको खुलासा भएको छ । त्यति हुँदा पनि त्रिविका कुलपति रहेका प्रधानमन्त्री, सहकुलपति शिक्षामन्त्री, त्रिवि पदाधिकारीको बेवास्तामात्रै नभएर गम्भीर लापारवाही भएको प्रतिवेदन सार्वजनिक भएको छ ।

'त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१'ले त्रिविको सम्पत्ति व्यवस्थापनमा सम्बद्ध सबै सरकारी पक्षको गम्भीर कमजोरी औंल्याएको हो । आइतबार सार्वजनिक प्रतिवेदनमा सरकारको कमजोरीमा विभिन्न व्यक्तिदेखि धार्मिक तथा शैक्षिक संस्थाले त्रिविको जग्गामा रजाइँ गरेको उल्लेख छ ।

देशभरका त्रिविका क्याम्पसहरू र विशेषगरी कीर्तिपुर परिसरभित्र तथा बाहिरका जग्गाहरूको अवस्था अत्यन्तै कमजोर देखिएको छ । प्रतिवेदनमा कृषि बागवानी केन्द्रले कीर्तिपुर नगरपालिकाको साविक वडा नम्बर ३ (हाल १० नम्बर वडा)मा पर्ने किता नम्बर २८ को क्षेत्रफल २८१ रोपनी १४ आना एक पैसा एक दामको भोगाधिकारको आधारमा आफ्नो भन्दै अतिक्रमण गरेको भनिएको छ, तर जग्गाधनी पुर्जाको आधारमा भने उक्त जग्गा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर बहुमुखी क्याम्पसको भएको समितिले निष्कर्ष निकालेको छ ।

हालको लेबोरेटोरी माविले साविक कीर्तिपुर नगरपालिका-३ (हाल वडा नम्बर १०) को किता नम्बर ३४ को १०८ रोपनी जग्गा हडप्ने प्रयास गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त जग्गा त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बहुमुखी क्याम्पसकै नाममा दर्ता भएको मालपोत कार्यालयमा अभिलेख छ । तर, यो विद्यालयले पनि भोगाधिकारको आधारमै उक्त जग्गा आफ्नो भएको जिकिर गरेको समितिले प्रतिवेदनमा भनेको छ ।

बडाकाजी पुष्पराज भण्डारीसमेत १२ जनाले काठमाडौं जिल्ला साविक नयाँ नैकाप भञ्ज्याङ पञ्चायत १, ५ र ६ हाल चन्द्रागिरि नगरपालिका १५ को १२५ रोपनी जग्गा त्रिविलाई अर्पण गरेको भए पनि राजभण्डारी परिवारबाट उक्त जग्गा अपचलन भएको समितिले फेला पारेको छ । तर, यो जग्गाको हितग्राही त्रिभुवन विश्वविद्यालय नै हुने समितिको ठहर छ । राजभण्डारी परिवारले उक्त जग्गा त्रिविले प्राप्त गरेको भए पनि लगतकट्टा नहुँदाको फाइदा उठाएर अपचलन गरेको पाइएको प्रतिवेदनमा छ ।

धार्मिक संस्था राधास्वामी सत्संग व्यास नेपालले बागमती नदी किनारको सुन्दरीघाट क्षेत्रमा पर्ने त्रिविको १५ रोपनी जग्गा अपचलन गरेको पनि प्रतिवेदनमा औंल्याइएको छ । त्यस क्षेत्रमा त्रिविको कूल ३५ रोपनी बढी जग्गा छ । तर, वर्षौंदेखि राधास्वामी सत्संगले भोगचलन गर्दै आएको छ । यो जग्गालाई पनि समितिले त्रिविकै भएको स्पष्ट पारेको हो । यसरी त्रिविको देशभरका दुई हजार रोपनीभन्दा बढी रोपनी जग्गा हिनामिना भएको प्रतिवेदनमा किटान गरिएको छ ।

यो प्रतिवेदनलाई केपी शर्मा ओली नेतृत्वको निवर्तमान सरकारले गुपचुप राखेको थियो । निवर्तमान प्रधानमन्त्री ओलीले प्रतिवेदन सार्वजनिक गर्न चाहेनन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छँदा पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा त्रिविको जग्गा खोजबिन कार्यदल गठन भएको थियो । त्रिताल अस्वस्थ भएपछि पूर्वसहसचिव महेन्द्र थापाले खोजबिन कार्यदलको नेतृत्व गरेका थिए । थापा कार्यदलको प्रतिवेदन ओलीले लामो समय लुकाए पनि आइतबार सुशीला कार्की नेतृत्वको सरकारले सार्वजनिक गरेको हो ।

### अख्तियार र सिआइबीमार्फत छानबिन गर्न सुझाव

समितिले त्रिविको अतिक्रमित जग्गा तत्काल फिर्ता गराउन आवश्यक निर्णय लिन सरकारलाई सुझाव दिएको छ । अतिक्रमणजस्ता अवैध कार्यमा संलग्न व्यक्ति तथा निकायमाथि कारबाही गर्न समितिको सुझाव छ ।

क्रमशः पृष्ठ २ मा

## त्रिविको स्वामित्वमा नल्याइएको जग्गा

त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदनअनुसार साविक लुभु पञ्चायत वडा नम्बर ९ (क) समेतको ३७५ रोपनी जग्गा अझैसम्म त्रिभुवन विश्वविद्यालयको स्वामित्वमा ल्याइएको छैन । यो जग्गा वि.सं. २०१३ सालमै तत्कालीन श्री ५ जिजु मुमा बडामहारानीद्वयबाट त्रिविलाई चन्दास्वरूप प्रदान गरिएको हो । झण्डै ७० वर्ष हुँदा पनि जग्गा त्रिविको स्वामित्वमा आएको छैन ।

साविक कपन पञ्चायत वडा नम्बर ७ (क) को २९ रोपनी ८ आना जग्गा त्रिभुवन विश्वविद्यालयको स्वामित्वमा ल्याइएको छैन । शिरोमणि हेमराज पाण्डेको स्मृतिमा छोरा केशरीराज पाण्डे र श्रीमती किरण कुमारीले उक्त जग्गा त्रिविलाई प्रदान गरेका हुन् । तर, अझैसम्म त्रिविको स्वामित्वमा यो जग्गा ल्याइएको छैन ।

स्वयम्भू क्षेत्रको २१ रोपनी एक आना जग्गा पनि त्रिविको स्वामित्वबाहिर छ । हाल प्राकृतिक विज्ञान संग्रहालयले यो जग्गा प्रयोग गर्दै आएको छ । काठमाडौं उपत्यकाबाहिर पनि दाताहरूबाट प्राप्त जग्गाको स्वामित्व त्रिविले लिएको छैन । यसप्रति प्रधानमन्त्री रहेका कुलपति र सहकुलपति रहेका शिक्षामन्त्रीले कानुनी सहजीकरण पटक्कै नगरेको समितिले उल्लेख गरेको छ । त्रिवि पदाधिकारीले पनि यसप्रति गम्भीरतापूर्वक निर्णय कहिल्यै नगरेको पाइएको छ ।

## जग्गा अधिग्रहण सूचनाले एक हजार रोपनी गायब

त्रिभुवन विश्वविद्यालयको एक हजार रोपनी जग्गा अधिग्रहणसम्बन्धी प्रकाशित पटक-पटकको सूचनाकै कारण खुम्चिएको पाइएको छ । १८ माघ २०१३, ७ वैशाख २०३३ र १५ वैशाख २०४१ सालमा प्रकाशित जग्गा अधिग्रहणको सूचनाबाट त्रिविको एक हजार रोपनी जग्गा संकुचन भएको जग्गा खोजबिन समितिको प्रतिवेदनमा छ ।

गाङखेल, कुमारी क्लब, त्रिवि कर्मचारी संघले उपभोग गरेको जग्गादेखि उत्तर कुमारी क्लबदेखि पूर्व बागमती नदीसम्मको भाग र उत्तरतर्फ चक्रपथ पारिको बल्खुखोलासम्मको भूभाग छुट्याइ सूचना प्रकाशन गर्दा उक्त परिमाणको जग्गा हराएको हो । यसमा सरकारकै गम्भीर लापारवाही देखिएको प्रतिवेदनमा भनिएको छ ।

सन्दर्भ: वैदेशिक रोजगार

# अभिमुखीकरण तालिममा सहभागी हुन अब राष्ट्रिय परिचयपत्र अनिवार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने कामदारहरूका लागि सञ्चालन गरिने पूर्वप्रस्थान अभिमुखीकरण तालिमको नयाँ ब्याचमा सहभागी हुन राष्ट्रिय परिचयपत्र अनिवार्य गरिने भएको छ । वैदेशिक रोजगार विभागले आइतबार इजाजतपत्र प्राप्त अभिमुखीकरण तालिम प्रदायक संस्थाहरू र वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई सूचना जारी गरी नयाँ ब्याच सञ्चालनसम्बन्धी जानकारी गराएको हो ।

विभागको सूचनाअनुसार यही असोज २९ गतेदेखि नयाँ व्यवस्था लागू गरिने भएको छ । विभागबाट इजाजतपत्र प्राप्त अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले हाल प्रयोग गरिरहेको ओरिन्टेसन डेस्कटप एप्लिकेसनलाई अद्यावधिक एवं राष्ट्रिय परिचयपत्र प्रणालीसँग आबद्ध गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिको वास्तविक पहिचान हुने व्यवस्था २९ असोजबाट लागू हुने व्यवस्था मिलाइएको सूचनामा उल्लेख छ ।




एआई जेनेरेटेड तस्बिर

उक्त मितिदेखि संस्थाहरूले नयाँ ब्याच सञ्चालन गर्दा अपडेटेड ओरिन्टेसन डेस्कटप एप्लिकेसन र सोसम्बन्धी म्यानुअल विभागबाट लिएर सञ्चालन गर्न विभागले अनुरोध गरेको छ । साथै, विभागले वैदेशिक रोजगारीमा जान अभिमुखीकरण तालिममा सहभागी हुन राष्ट्रिय परिचयपत्र प्रणालीमा अनिवार्य आबद्ध हुनुपर्ने पनि जानकारी दिएको छ । यसका लागि सम्बन्धित व्यक्तिले अनिवार्यरूपमा राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध हुन विभागले अनुरोध गरेको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारले अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्ने हुन्छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई रोजगारीमा जाँदा र गन्तव्य मुलुक पुगेपछि अपनाउनुपर्ने विषयहरूबारे अभिमुखीकरण दिइने गरिन्छ । विशेषगरी सम्बन्धित देशको नियम कानुन, त्यहाँको संस्कृति, भूगोल, वातावरण, काम गर्दा अपनाउनुपर्ने सावधानीलगायत विभिन्न विषय अभिमुखीकरण कक्षामा दिनुपर्छ । यसरी अभिमुखीकरण अनिवार्य गर्नुको उद्देश्य वैदेशिक रोजगारीमा जाने व्यक्ति समस्यामा नपरुन् भन्ने हो । सबै विषयमा जानकारी लिएर जाँदा कामदारले समस्या भोग्नु नपर्ने बताइन्छ ।

तर अभिमुखीकरण तालिमको प्रभावकारितामाथि नै प्रश्न उठ्दै आएको छ । तालिम प्रदायक संस्थाहरूले कक्षामा सहभागी नै नगराई पैसामात्र लिएर प्रमाणपत्र उपलब्ध गराउने प्रवृत्ति देखिएपछि विभागले पछिल्लो समय कडाइ गर्दै आएको छ । कक्षामा अनिवार्य सहभागी गराउन आइरिस प्रणाली लागू गरिएको छ । त्यसो गर्दा पनि कतिपय व्यवसायले विभागको आँखा छल्ने गरेको पाइएको छ । विभागले बेलाबेला अनुगमन गर्ने गरेको बताए पनि कारबाही भने गरेको देखिँदैन । यसमा विभागका अधिकारीहरूकोसमेत मिलेमतो हुने गरेको आरोप लाग्दै आएको छ ।

# देउवा गुपचुप बस्दा कांग्रेसमा तीव्र ध्रुवीकरण

- नेतृत्वबाट हटाउन तीव्र दबाब भइरहेका बेला देउवा अण्डरग्राउण्ड
- गगन-विश्व एक भएर विशेष महाधिवेशनको माग गर्दा शेखरको साथ नपाएपछि 'ब्याक'
- कुनै बेला गगनको साथ लिएर सभापतिमा भिडेका कृष्णप्रसाद सिटौला अहिले शशांक कोइराला, विमलेन्द्र निधि र प्रकाशमान सिंहसँग नजिकिँदै, यही समूहमा मिसिए प्रवक्ता डा. प्रकाशशरण महत
- देउवा समूहबाट सहमहामन्त्रीमा निर्वाचित भीष्मराज आङ्देम्बे, महालक्ष्मी उपाध्याय डिना शेखर समूहसँग नजिकिँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसमा तीव्र ध्रुवीकरण सुरु भएको छ । जेन-जी विद्रोहपछि सडकमा आइपुगेको कांग्रेसभित्र नेतृत्व परिवर्तनको विषयलाई लिएर तीव्र ध्रुवीकरण सुरु भएको हो ।

सभापति शेरबहादुर देउवा भदौ २४ यता सार्वजनिक भएका छैनन् । जेन-जी आन्दोलनका क्रममा देउवा आफ्नै निवास बूढानीलकण्ठमा कुटिएका थिए । त्यसपछि सेनाको सुरक्षामा उपचारका लागि लगिएका देउवा केन्द्रीय समिति नजिकिँदा पनि सार्वजनिक भएका छैनन् ।

कांग्रेसले आइतबारका लागि डाकेको केन्द्रीय समिति भोलि २८ गतेका लागि सारेको छ । यो बीचमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको पहल गरेका थिए । तर डा. शेखर कोइरालाले साथ नदिएपछि दुई महामन्त्रीले नियमित महाधिवेशन हुनुपर्ने माग गरेका छन् ।

केन्द्रीय समितिका लागि एजेण्डा तय गर्न बिहीबारबाट तीन दिनसम्म चलेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकले केही निचोड निकाल्न सकेन । यो बीचमा संस्थापनपक्ष र संस्थापनइतरका शेखर नियमित महाधिवेशनबाटै नेतृत्व चयन गर्नुपर्ने पक्षमा देखिन्छन् ।

क्रमशः पृष्ठ २ मा

## एमालेको महाधिवेशन मंसिरमा

### प्रतिनिधिसभा विघटनविरूद्ध अदालत जाने निर्णय



**काठमाडौं (प्रस)–** विधानअनुसार नेकपा एमालेको ११औं महाधिवेशन हुन एक वर्ष बाँकी छ । तर पछिल्लो परिस्थितिको सम्बोधन गर्न भन्दै एमालेले आउँदो मंसिर अन्तिम साता महाधिवेशन गर्ने निर्णय गरेको छ ।

आइतबार भक्तपुरको गुण्डुमा बसेको सचिवालय बैठकले ११औं महाधिवेशन मंसिर अन्तिम साता गर्ने निर्णय गरेको पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए । उनका अनुसार महाधिवेशनको मिति र स्थान केन्द्रीय कमिटी बैठकले तय गर्ने छ । केन्द्रीय कमिटी बैठक यही असोज २९ देखि ३१ गतेसम्म बस्दै छ । एमालेको १० औं महाधिवेशन २०७८ मंसिर १० देखि १४ गतेसम्म चितवनमा भएको थियो ।

क्रमशः पृष्ठ २ मा

# वीर अस्पतालमा ‘एनोरिज्य’को जटिल शल्यक्रिया

**काठमाडौं (प्रस)**– वीर अस्पतालमा ‘एनोरिज्म’ (नसा फुलेर फुट्ने रोगको) जटिल शल्यक्रिया गरिएको छ । अस्पतालका न्युरो सर्जरी विभाग प्रमुख डा. राजीव झाको नेतृत्वमा छ वटा एनोरिज्म एकैपटक नौ घण्टा लगाएर सफलतापूर्वक शल्यक्रिया गरिएको हो ।

उनले बिरामीको मस्तिष्कमा रहेका छवटा ‘एनोरिज्म’को एकैपटकमा पहिलो शल्यक्रिया गरेर सफल उपचार गरेको बताए । यस्तो शल्यक्रिया अत्यन्त जटिल मानेर र कम मात्र देशमा यसको उपचार हुने उनले बताए ।

‘एनोरिज्म’ मा नसा बेलुनजस्तै फुलेर फुट्ने गर्दछ । त्यसपछि मान्छेको ब्रेन हचामरेज भएर मृत्यु पनि हुनसक्दछ । शल्यक्रिया असोजको दोस्रो हप्ता गरिएको थियो । ‘ती बिरामीको एउटा ‘एनोरिज्म’ फुटेको थियो र अन्य पाँच वटा फुट्ने तयारीमा रहेका थिए,’ उनले भने, ‘तर हाम्रो टिमले नौ घण्टा लगाएर उक्त एनोरिज्मलाई शल्यक्रियामार्फत उपचार गर्न सफल भयौं ।’ उनका अनुसार फुटेको एउटा ‘एनोरिज्म’लाई बेलुनजस्तै बाँधेर राखिएको छ र अरु फुट्न तयारी रहेकालाई क्लिप लगाएर फुट्नबाट जोगाएर राखिएको छ ।

उनले एकैव्यक्तिको मस्तिष्कमा छवटा एनोरिज्म कमैमात्रामा हुने गरेको बताए । बिरामीको एनोरिज्य एकदेखि चारवटासम्म सामान्य हुने र त्यसपछि पाँच तथा छ वटा कमैमात्रामा हुने गर्दछ । उनले एनोरिज्म फुटेका ५० प्रतिशत बिरामीमात्र अस्पताल आउने र तीमध्ये ५० प्रतिशतमात्र उपचार पाएर बाँच्ने बताए । एनोरिज्मका कारणले बिरामीमा ब्रेन हचारेज हुने र तत्काल मृत्युसमेत हुने गर्दछ ।

न्युरो सर्जरी विभाग प्रमुख डा. झाका अनुसार चुरोट र मादक पदार्थ सेवन गर्ने, उच्च रक्तचाप, मधुमेह भएकालाई एनोरिज्म हुने गर्दछ । उनले अहिलेसम्म ११ वटा यस्ता एनोरिज्मका बिरामीको सफल उपचार गरेका छन् ।

‘अहिलेसम्म मैले चारवटा ‘एनोरिज्म’ मस्तिष्कमा भएका बिरामीको सफलतापूर्वक उपचार गरेको थियो,’ उनले भने, ‘तर अहिलेको बिरामीमा छ वटा एनोरिज्म रहेको थियो, तैपनि हामीले छवटैको जटिल शल्यक्रिया सफलतापूर्व गर्‍यौं ।’ अस्पतालमा बर्सेनि १०० भन्दा धेरै जना एनोरिज्म फुटेर आउने गर्दछन् । उनले अहिले बिरामीको अवस्था ठीक भइसकेको जानकारी दिए ।

# सर्वोच्च अदालतमा भोलिदेखि रिट दर्ता र सुनुवाइ हुने

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले भोलि असोज २८ गतेदेखि रिट दर्ता र सुनुवाइ गर्ने भएको छ । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित सम्पूर्ण न्यायाधीशहरूको पूर्ण बैठकले आइतबार मंगलबारदेखि दर्ता एवं सुनुवाइ हुने निर्णय गरेको हो ।

‘यस अदालतमा दर्ता हुने रिट निवेदन, मुलुकी देवानी कार्यविधिसंहिता, २०७४ को दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३, १३७ र १५५ का निवेदनहरू असोज २८ गतेदेखि दर्ता एवं सुनुवाइ हुने छ,’ सर्वोच्च अदालतबाट जारी सूचनामा भनिएको छ, ‘साथै सर्वोच्च अदालतका नियमित अन्य सेवा प्रवाहको अर्को सूचना प्रकाशित नहुँदासम्म म्याद, हदम्याद र तारेख नगुज्रने बेहोर ासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।’

यसअघि गत भदौ २४ गते भएको ‘जेन-जी’ प्रदर्शनका क्रममा अदालतमा आगजनी, ढुंगामुढा, तोडफोड र लुटपाटबाट क्षति हुँदा बन्दी प्रत्यक्षीकरणका निवेदन तथा अत्यावश्यक निवेदन दर्ता र सुनुवाइबाहेक सबै काम स्थगित गरिएको थियो । त्यसयता सर्वोच्चले त्रिपालमा इजलास बसेर सेवा दिइरहेको छ ।


## सूचना ! सूचना !! सूचना !!!

यस संस्था **(ईलाइट गोर्खाज ओभरसिज)** ले वैदेशिक रोजगारमा जानका लागि नेपाल सरकार वैदेशिक रोजगार विभागबाट मान्यता र स्वीकृति प्राप्त मुलुकको सम्बन्धित कम्पनीबाट माग पत्र ल्याई **श्रम तथा वैदेशिक रोजगार विभाग तहाँचलबाट पूर्व स्वीकृति**, **अन्तिम स्वीकृति** लिएर मात्र वैदेशिक रोजगारमा पठाउने गर्दछ साथै कुनै पनि व्यक्ति वैदेशिक रोजगारमा जानको लागि इच्छुक भएमा यस **कम्पनीले वैदेशिक रोजगार विभागबाट स्वीकृत भएको लट नं. हेरेर मात्र आवेदन दिनु** हुन अनुरोध गर्दछौं र यस संस्थाले लट नं. नलिइकन कुनैपनि देशमा कामदार पठाउने छैन र यी माथि उल्लेखित जानकारी गराउँदा पनि कसैले वैदेशिक रोजगारमा जानको लागि आवेदन दिएको र आर्थिक कारोबार गरेको खण्डमा यस संस्था जिम्मेवार हुने छैन ।

ELITE GURKHAS OVERSEAS (P) Ltd.
श्रम ईजाजत नं. ५३५/०६१/०६२

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com

## साउदीमा रोजगारको अवसर

कम्पनी : SEERAH AYED QATINI AL-NAFIE TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ LT. No. 332072 चलानी नं. ६०२४५९६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1200 | ४५,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : APEX WORLD SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२६ LT. No. 332248 चलानी नं. ६०२४५९३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 35 | 0 | 1700 | ५७,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**
Samakhushi,Townplanning, KTM, Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com
Govt. License 586/062/063

## साउदीमा रोजगार

कम्पनी : NAQLEEN COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२६ LT. No. 322591 चलानी नं. ६०२३७०४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 15 | 0 | 1800 | ६७,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BELIEVABLE OVERSEAS PVT.LTD.**
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75


## पृष्ठ १ बाट क्रमश:

### दुई हजार...

त्यसअघि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मार्फत छानबिन गर्नुपर्ने भनिएको छ । त्रिविलाई बलियो स्वायत्त संस्थाको रूपमा स्थापित गर्न नीतिगत तथा कानुनी सुधार गर्नुपर्ने प्रतिवेदनमार्फत समितिले सुझाएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफ्नो नाममा रहेका त्रिविका जग्गाहरू यथाशीघ्र विश्वविद्यालयलाई हस्तान्तरण गर्ने र सम्पत्ति व्यवस्थापनको नियमित अनुगमन गर्ने, त्यस्तै त्रिविले सबै जग्गाको अद्यावधिक अभिलेख राख्न र व्यवस्थित गर्न छुट्टै सम्पत्ति व्यवस्थापन कार्यालय स्थापना गर्ने, जग्गाको भौतिक सुरक्षाका लागि सीमांकन, पर्खाल र तारबार लगाउने, गुरुयोजना तथा कार्यविधिहरू परिमार्जन गरी पारदर्शी ढंगले कार्यान्वयन गर्ने र शैक्षिक प्रयोजनमा मात्र जग्गाको उपयोग गर्ने नीति बनाउन समितिको सिफारिस छ ।

### देउवा...

चौतर्फी रूपमा देउवालाई नेतृत्वबाट हटाउनुपर्ने आवाज उठ्न थालेको छ ।

देउवानिकट मानिने पूर्वमहामन्त्री डा. शशांक कोइरालाले देउवाले तत्काल कार्यबाहक सभापति तोक्नुपर्ने सुझाएका छन् । ‘मैले शेरबहादुरजीलाई भनेँ- यो मेरो व्यक्तिगत विचार हो । मैले उहाँलाई के भने भने तपाईं (कार्यसमिति) विघटन गर्नुस् । एक जनालाई कार्यवाहक सभापति दिनुस् । उनले गठन गर्दछन् र उनले मिति तय गर्दछन् । मलाई लाग्छ- मंसिरसम्ममा मिति तय होला भन्ने मेरो भावना हो,’ शनिबार कोइरालाले भनेका थिए । देउवापक्षकै केन्द्रीय सदस्य उदयशमशेरले पनि देउवाले कार्यवाहक तोक्नुपर्ने बताएका छन् ।

यता कांग्रेस महामन्त्री थापाले भने आइतबार भिडियो वक्तव्य जारी गर्दै देउवालाई नेतृत्व छाड्न भनेका छन् । तीन ठूला पार्टीमध्ये एमाले र माओवादीले पनि नेतृत्व फेर्नुपर्ने थापाको भनाइ थियो । ‘तिम्रो पार्टीका टाउको हटाऊ, उनीहरूलाई विश्राम लिन लगाऊ भन्छन् हाम्रै मतदाता । यसको बारेमा कुनै द्विविधा छ ? छैन । तर हामी टेक्निकल कुरा गरिरहेका छौं । उहाँहरूले हट्न चाहनुभएको छैन । हामीले पनि हटाउन सकिरहेका छैनौं,’ गगनले भनेका छन्, ‘कांग्रेस, एमाले र माओवादीका सबै साथीहरूलाई म अपिल गर्छु- हामीले तीनजनै नेतालाई भन्नुपर्छ- अब ‘नो मोर’ । ‘इफ’, ‘बट’ केही हुँदैन । तपाईंहरूले अब छाड्नुपर्छ । तपाईंहरू अब घर बस्नुपर्छ । तपाईंहरूविना पार्टी चलाउँछौं भनेर हामीले भन्नुपर्छ । यसो गर्न सकेमात्र हाम्रो पार्टीले आम मानिससँग कुरा गर्न सक्छ ।’

थापाले जेन-जीको आन्दोलनपछि र अघिको अवस्था एउटै नभएकाले अब नियमको कुरा गरेर प्रमुख नेताहरूले पदमा बस्न नसुहाउने र उनीहरूका लागि अरुले वकालत गर्न नमिल्ने बताए । ‘नियम बाँकी छ अब ? भदौ २५ र भदौ २२ सम्मको नेपाल एउटै हो ? यो मेसेजलाई हामीले बुझ्नुपर्छ कि पर्दैन ?,’ उनले भनेका छन्, ‘नेतृत्व बदलेपछि पार्टीको संस्कृति बदल्नु छ । मति बदल्नु छ । गति बदल्नु छ । तर त्यसका लागि नेतृत्व बदलेमात्र बाटो खुल्छ ।’

कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले भने अहिले नै सभापति देउवाको विकल्प खोज्ने बेला भइनसकेको बताएका छन् । ‘अहिले नै सभापतिको विकल्प खोज्ने बेला भएको हो त ? विकल्प खोज्नु पर्ने अवस्था अहिले म देख्दिनँ,’ शीर्ष नेताको बैठकमा सिटौलाले भने । कुनै बेला गगनको साथ लिएर सभापतिमा भिडेका सिटौला अहिले शशांक, विमलेन्द्र निधि र प्रकाशमान सिंहसँग नजिकिएका छन् । यो समूहमा कांग्रेस प्रवक्ता डा. महत पनि लागेका छन् ।

देउवा समूहबाट सहमहामन्त्रीमा निर्वाचित भीष्मराज आङ्देम्बे, महालक्ष्मी उपाध्याय ‘डिना’ भने शेखर समूहमा नजिकिएका छन् । पदाधिकारी बैठकबाट एजेण्डा तय गर्न नसकेपछि कांग्रेसले अनौपचारिक छलफलसमेत थालेको छ । यी छलफलबाट केन्द्रीय समितिको एजेण्डा तय गरिने कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए ।

### एमालेको...

यसैगरी एमालेले प्रतिनिधिसभा विघटन असंवैधानिक रहेको बताउँदै पुनर्स्थापनाको मागसहित अदालतमा जाने निर्णय गरेको छ । ‘प्रतिनिधिसभा विघटनलाई यो बैठकले असंवैधानिक र अलोकतान्त्रिक ठहर गरेको छ । असंवैधानिक र अलोकतान्त्रिक ढंगले गरिएको विघटन बदर गर्दै प्रतिनिधिसभा पुन:स्थापना हुनुपर्छ भन्ने स्पष्ट माग बैठकले गरेको छ,’ ज्ञवालीले भने ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/२० मा दर्ता भएको **प्रा. लि. नं. १९८०११/०७५/०७६** को श्री **बेस प्रिन्टिर्स प्रा. लि.** को मिति २०८२/०६/२६ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## Sindhu Jwala Hydropower Limited

**Upper Nyasem Khola Hydroelectric Project (43 MW)/**
**Upper Nyasem Khola-A Hydroelectric Project (21 MW)**

### Time Extension Of Bid Submission

**(1st date of Publication of Notice: 2025/09/13)**

**(Contract Identification No.: SJHL/UNKHEP/081/082/L-4TL-01)**

In response to various inquiries and to provide ample time for bid preparation and submission, we hereby announce that the deadline for the submission of bidding document **“the Lot 4: Transmission Line Works” (Contract Identification No. : SJHL/UNKHEP/081/082/L-4TL-01)** has been extended to 2025/10/20 date. The Bid Validity and Bid Security should be accordingly extended by seven (7) days.

*Please be aware that all other terms and conditions stated in the original document will remain unaltered.*

**Sindhu Jwala Hydropower Limited**
Tinkune-32, Kathmandu, Phone: 01-4245184
E-mail: sindhujwalahydropower@gmail.com,
info@sindhuhydro.com, https://www.sindhuhydro.com

## त्रियुगा नगरपालिका नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थ सङ्कलन तथा बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०६/२७ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ घ. को (६) र दफा ६२ क मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरूबाट त्रियुगा नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गरी तोकेको दरमा बिक्री गर्ने गरी आ.व.२०८२/०८३ को बाँकी अवधिको लागि ठेक्का बन्दोबस्त गर्न यस नगरपालिकाको मिति २०८२/०६/२४ गतेको निर्णयानुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरूले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, नियमानुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल https://www/bolpatra/gov/np/egp मा यस सम्बन्धी राखिएको सूचनामा उल्लेखित शर्तहरू तथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालय (एए:इ) को वेवसाईट https://www.bolpatra.gov.np.egp. बाट रीत पुर्‍याई बोलपत्र फारम भर्न सकिनेछ ।

**त्रियुगा नगरपालिका क्षेत्रभित्रका खोला तथा नदीहरूवाट उत्खन्न गरिने नदीजन्य पदार्थको विवरण**

| ठे.नं. | ठेक्काको किसिम/विवरण | उठाउन पाउने परिमाण (घन मिटर) | | बिक्री मूल्य (दर रेट प्रति घन मिटर) | न्यूनतम ठेक्का अंक (वार्षिक) मु.अ.कर बाहेक |
|---|---|---|---|---|---|
| TM-UDA-REV-08/ 2082-083 | बरुवा पुल ५०० मि. उत्तर/साकेला पूर्व/झुलुङ्गे पुल १ कि.मि. तल, बरुवा-त्रियुगा दोभान क्षेत्र (बरुवातर्फ), त्रियुगा-बरुवा-बबिया दोभान पूर्व-त्रियुगा खोलातर्फ, बेहडुवा-मोतियाही जाने बाटो पूर्व, फुलझोर | ढुंगा, गिटी ग्राभेल | २२७०५.५६ | रु. २४६.९६ | रु. १४२७७८५५.२० |
| | | बालुवा | ३५१०८.८९ | | |
| | | भरौट/बलौट | ० | | |
| TM-UDA-REV-09/ 2082-083 | ३ नं. पुल पश्चिम मोहनपुर क्षेत्र (३ नं. पुल देखि ८६० मि. माथि), पुरानो देउरी बस्ती उत्तर, झोडा जाने बाटो पश्चिम, इट्टाभट्ट दक्षिण (उत्तराईटोल), सरस्वती खोला दोभान पश्चिम, त्रियुगा-फर्सेट दोभान क्षेत्र तल माथि त्रियुगा खोलातर्फ, अरुण पुष्प बाटिका पश्चिम/खोला दोभान तल, साकेला खेल मैदान पूर्व-दक्षिण, कृषिफार्म (पोखरी) दक्षिण, शिद्धेश्वर मन्दिर माथि-खजुरी खोला दोभान तल | ढुंगा, गिटी ग्राभेल | १४९०४.६० | रु. २४६.९६ | . १०३६६७४१.५३ |
| | | बालुवा | २४८४०.५६ | | |
| | | भरौट/बलौट | ३९०६.४४ | रु. १४१.१२ | |
| TM-UDA-REV-10/ 2082-083 | लुहाले (मोथियाही जाने बाटो उत्तर त्रियुगा दोभान सम्म), बबिया (मोतियाही जानेबाटो उत्तर), लालभित्ति (मोतियाही जानेबाटो उत्तर), ठाडी (मोतियाही बाटो उत्तर), कङ खोला (जोगिदह खण्ड १), कङ खोला (जोगिदह खण्ड २) | ढुंगा, गिटी ग्राभेल | २४५.९० | रु २४६.९६ | रु. २६३५१२१.५३ |
| | | बालुवा | २०४०.६५ | | |
| | | भरौट/बलौट | १४६७१.४५ | रु १४१.१२ | |

**शर्तहरू :**

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३०औं दिन कार्यालय समयभित्र बोलपत्र दस्तुर खाता समूह ग-१-१ खाता नं. २०९०१००३०१०१०००४ मा रू.३००० रकम (पछि फिर्ता नहुने गरी) दस्तुर तिरेको नगदी रसिद,निर्माण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाण-पत्र र आ.व.२०८१/०८२ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरूको प्रतिलिपीहरू संलग्न राखी माथि उल्लेखित दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालय (एए:इ) को वेवसाईट https://www/bolpatra/gov/np/egp बाट बोलपत्र फारम Download गरी नियमानुसार बोलपत्र फारम भर्न सकिनेछ ।

२. बोलपत्र फारम आफुले कवोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित रा.वा.बैंक समूह ग-३ धरौटी खाता नं. २०९०१००३०३००००४ मा जम्मा गरी सो को सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वैकले जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन ।

३. प्रत्येक प्याकेजको लागि अलग अलग बोलपत्र फारम खरिद गर्नु पर्ने छ र दर्ता गर्दा प्याकेज छुट्टाएर प्रष्ट हुने गरी दर्ता गर्नु पर्नेछ ।

४. खरिद भएका बोलपत्रहरूको प्रत्येक पानामा सहीछाप गरी फर्म वा कम्पनीको नाम र ठेक्काको नाम, नम्बर लेखी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२.०० बजेसम्म विद्युतीय बोलपत्र मार्फत यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ ।

५. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू दर्ता गर्न अन्तिम दिनको १.०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहोवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन, नियम, कानुन र सम्झौताको शर्तमा उल्लेख भए अनुसार हुनेछ ।

७. विस्तृत जानकारीका लागि त्रियुगा नगरपालिका गाईघाट, उदयपुरको Website: www.triyugamum.gov.np वा त्रि.न.पा.को सम्पर्क नं.०३-५४२०१८६ मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# सुन तस्करी प्रकरणमा पूर्वसभामुख महरा पक्राउ



**काठमाडौं (प्रस)**– सुन तस्करी प्रकरणमा मुछिएका पूर्वसभामुख कृष्णबहादुर महरा पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले आइतबार उनलाई पक्राउ गरेको हो ।

ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक एवं सूचना अधिकारी शिवकुमार श्रेष्ठद्वारा जारी प्रेस विज्ञप्तिमा सुन बेचबिखन गरी आपराधिक समूह बनाई संगठितरूपमा लाभ लिएको अभियोगमा उनलाई पक्राउ गरिएको उल्लेख छ ।

विज्ञप्तिमा २०७९ पुस १० गते दुबईबाट नेपाल आएका चिनियाँ नागरिक ली हानसोंगले दुईवटा सुटकेसभित्र ७३ बट्टामा रहेको ७३० इलेक्ट्रिक सिगरेट अवैधरूपमा त्रिभुवन विमानस्थल हुँदै नेपाल ल्याउँदै गरेको अवस्थामा जफत भएकामा त्यसलाई बेचबिखन गरी महराले लाभ लिएको आरोप छ ।

'उक्त सुन त्रिभुवन अन्तर र्राष्ट्रिय भन्सारको स्टोरमा राखिएकामा उक्त कार्यालयका नायब सुब्बा रेवन्त खड्कासमेतले आफ्नो जिम्मा र संरक्षण रहेको नेपाल सरकारको गोदामबाट उक्त सुनसहितको सिगरेटमा रहेको आठ करोड ५५ लाख २८ हजार रूपैयाँबराबरको सुन बेचबिखन गरी आपराधिक समूह बनाई संगठितरूपमा लाभ लिएको देखिएकाले भन्सार ऐन, २०६४ तथा आपराधिक लाभ र संगठित अपराधमा संलग्न महरालाई पक्राउ गरी थप अनुसन्धान कार्य भइरहेको छ,' विज्ञप्तिमा भनिएको छ ।

# नेपाली सेनालाई बेलायतमा चौथो पटक स्वर्ण पदक




**काठमाडौं (प्रस)**– नेपाली सेनाले संयुक्त अधिराज्य बेलायतको वेल्स, ब्रेकनमा सञ्चालन भएको एक्सरसाइज क्याब्रिअन पट्रोल, २०२५ मा स्वर्ण पदक प्राप्त गर्न सफल भएको छ ।

यही असोज २३ गतेदेखि २५ गतेसम्म सञ्चालन भएको उक्त अभ्यासमा नेपाली सेनाको टोलीले सर्वोत्कृष्ट अंकसहित स्वर्ण पदक प्राप्त गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जानकारी दिएको छ । उक्त अभ्यासमा बेलायतसहित ३३ राष्ट्रका ११७ टोलीको सहभागिता थियो । सन् १९६० बाट वार्षिकरूपमा सञ्चालन हुँदै आएको अन्तर र्राष्ट्रियस्तरको उक्त प्रतियोगितामा नेपाली सेनाले सन् २०१४ देखि भाग लिँदै आइरहेको छ ।

तोकिएको समयसीमा दुई दिनभित्रमा हतियार, करिब ७० पौण्ड तौलको उपकरण र बन्दोबस्तीका सामग्रीसहित ६० किलोमिटर दूरी पार गर्नुपर्ने त्यस अभ्यासमा सहभागी टोलीको विभिन्न तयारी, खबर संकलन, घाइते-बिरामीको व्यवस्थापनलगायतका दक्षताको मूल्यांकन र परीक्षण गरिने निर्देशनालयले जानकारी दिएको छ । नेपाली सेनाले उक्त प्रतियोगितामा सन् २०१७, २०१९ र २०२४ मा पनि स्वर्ण पदक प्राप्त गरेको थियो ।

## जापानमा रोजगार

कम्पनी : Hatonoie Cooperative

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331875 | चलानी नं. ६०२४५९९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care worker | 0 | 6 | 221000 | २,०७,५०६ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Google Overseas Pvt.Ltd**
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४

# मोहन्याल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खिमडी कैलाली
## सुदूर पश्चिम प्रदेश नेपाल

## NOTICE FOR INVITATION FOR BIDS

**First date of publication:2082/06/27**

1. Mohanyal Rural Municipality, Office of the Rural Municipal Executive, Khimadi, Kailali invites electronic Bids for the following works.

| S. N. | Contract ID | Name of Project | Cost of Bid Document | Bid Security Amount | Estimated Cost (Including VAT and PS) |
|---|---|---|---|---|---|
| 1. | MRM/NCB/ WORKS/1/ 2082/083 | Rajkanda, chosekanda,Katauje, Birkhet Sadak Yojana | 3000 | 300000, Valid upto 120 days form the last date of bid submission | 1,16,37,538.41 |
| 2. | MRM/NCB/ WORKS/02/ 2082/83 | Pandaun, khimadi, Khaniyatal, Birkhet Sadak Yojana | 3000 | 400000, Valid upto 120 days form the last date of bid submission | 1,66,51,273.28 |
| 3. | MRM/NCB/ WORKS/03/ 2082/83 | RamailoDanda, Phalebisauna, Salleri Hudai Saghure Barjena Sadak | 3000 | 400000, Valid upto 120 days form the last date of bid submission | 1,66,68,133.82 |
| 4. | MRM/SQ/G/2/ 2082/083 | Supply and Delivery of Medicinal and Surgical Goods. | 1000 | 100000 Valid upto 45 days form the last date of bid submission | 36,00,003.33 |
| 5. | MRM/SQ/G/1/ 2082/083 | Supply and Delivery of Stationary Goods | 1000 | 40000 Valid upto 45 days form the last date of bid submission | 15,26,646.95 |

| | |
|---|---|
| Date, Time and Place of Bid Opening | 2082/07/26, 12:00 PM (for medicine and works related bids)<br>2082/07/13, 12:00 (for stationary) |
| Account number for bid Purchase | Name of Bank: Citizens Bank International Ltd.<br>Account Name: Mohanyal Rural Municipality<br>Account Number: 0770100000027201<br>Contact: Bibek Pangali (9848122780) |
| Account number for Bid Security Deposit | Name of Bank: Citizens Bank International Ltd<br>Account Name: Mohanyal Rural Municipality<br>Account Number: 0770100000024201 |

2. Eligible bidders/suppliers may obtain further information and inspect the bidding document by visiting PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of bid submission falls on a government holiday, then the nest working day shall be considered as the last date. In such case the validity period of the bid security remain the same as specified for the original last date of bid submission.

प्रमुख प्रशासकीय अधिकृत

## मलेसियामा रोजगारको अवसर

कम्पनी : ACTIVE NETWORK SECURITY SERVICES SDN BHD
शहर : Persiara

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 321426 | चलानी नं. ६०२३७२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 11 | 0 | 1700 | ५७,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**A.K. OVERSEAS (PVT.) LTD.**
श्रम ईजाजत नं.४९४/०६१/०६२
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027, 9851085705, 9841711205, 9851086618, Email: akoverseas494@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : IXORA HOTEL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 323750 | चलानी नं. ६०२३८०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 15 | 0 | 1700 | ५७,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## साउदीमा रोजगार

कम्पनी : ATLAS SON TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 332291 | चलानी नं. ६०२४५९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD WORKERS | 1 | 0 | 1000 | ३७,७६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

## जोर्डन/मलेसियामा रोजगार

कम्पनी : UNITED FOR WORKS OF BROKERAGE IN HIRING AND RECRUITING NON-JORDANIAN DOMESTICE WORKER

पूर्व स्वीकृति मिति : २०८१/०२/२९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 306207 | चलानी नं. ६०२२०९५५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | domestic worker/housemaid | 0 | 40 | 300 | ५९,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KAWAL HIKMAH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 322714 | चलानी नं. ६०२३६७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 1 | 0 | 1700 | ५७,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## साइप्रसमा रोजगार

कम्पनी : E.G. Estia Cyprus Private Employment Agency

पूर्व स्वीकृति मिति : २०८२/०२/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 324415 | चलानी नं. ६०२३८४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 3 | 0 | 800 | १२३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 3 | 2 | 700 | १०८,३५५ | | | | | | | |
| 3 | Continetal Cook | 4 | 0 | 1000 | १५४,८९५ | | | | | | | |
| 4 | Kitchen Asst. | 4 | 0 | 800 | १२३,८३५ | | | | | | | |
| 5 | Waiter/waitress | 2 | 2 | 700 | १०८,३५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ देखि ८ गतेसम्म (20-25th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Fine Job Recruitment Pvt. Ltd.**
Government License No. 1180/073/74
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512, 9801603435
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

## मलेसियामा रोजगार

कम्पनी : SPLENDID TACTIC SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 332246 | चलानी नं. ६०२४५९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ५६,८९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SEKURITI AZGAN SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 332245 | चलानी नं. ६०२४५९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 40 | 0 | 1700 | ५६,८९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ गते (20th Oct. 2025) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## साउदीमा रोजगार

कम्पनी : LARSEN AND TOUBRO LIMITED

पूर्व स्वीकृति मिति : २०८१/११/२० | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 320247 | चलानी नं. ६०२३४७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 80 | 0 | 1000 | ३७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानहरू :**
अन्तरवार्ता हुने स्थान: झापा विर्तामोड झापा ट्रेनिङ सेन्टरमा मिति २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ ।
रामजानकी ट्रेनिङ सेन्टर जनकपुरधाममा मिति २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।
विदेश ट्रेनिङ सेन्टर जनकपुरमा मिति २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।
बाँके नेपालगंज गजराज ट्रेनिङ सेन्टरमा मिति २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।

**नोट : यो LT No. 320247 को विज्ञापन मिति २०८२ असोज २५ गते (11th Oct. 2025) मा प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले आज मिति २०८२ असोज २७ गते (13th Oct. 2025) मा प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Google Overseas Pvt.Ltd**
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४

## जापानमा रोजगार

कम्पनी : ACCUMULATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 332116 | चलानी नं. ६०२४५८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 161163 | १,५०,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः नि:शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गतेदेखि ४ गतेसम्म (18-21th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANJUSHREE OVERSEAS SERVICE PVT. LTD.**
423/060/061
Baluwatar, Kathmandu,Nepal, Tel: 01-4546052,
Email : info@manjushreeoverseas.com.np,Web: www.manjushreeoverseas.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# महाधिवेशनमा जान कांग्रेसको अलमल किन ?

**नेपाली कांग्रेसको महाविधेशन मंसिरभित्र भइसक्नुपर्छ । तर आफूलाई लोकतन्त्रको हिमायती ठान्ने दल कांग्रेसले अझै पनि महाधिवेशन गर्ने सुरसार गरेको छैन । भदौ २३ र २४ को जेन–जी विद्रोहपछि नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको नेतृत्वप्रति चर्को आलोचना सुरु भइसकेको छ । कारण, एकै व्यक्तिबाट लामो समय देश शासित हुनुपरेकोमा हो । यो बीचमा माओवादी केन्द्रले मंसिरमा महाधिवेशन गर्ने निर्णय गरिसकेको छ । माओवादीले केन्द्रीय समिति भंग गर्दै महाधिवेशन आयोजक समितिसमेत गठन गरिसकेको छ ।**

**यता महाधिवेशन गर्न वर्ष दिन बाँकी रहेको एमालेले पनि मंसिरमै महाधिवेशन गर्ने तयारी गरेको छ । सचिवालय बैठकले महाधिवेशनको मिति तय गरे पनि असोज २९ गतेबाट सुरु हुने केन्द्रीय कमिटीले यसलाई अनुमोदन गर्नुपर्ने छ । नेतृत्वमा जो आउला, त्यो भविष्यले बताउने छ नै । तर आफ्नै अहमताका कारण सडकमा पुगेका दुई दलले महाधिवेशन घोषणा गरिसक्दा मिति गुज्रिन लागेको कांग्रेसले भने अझै महाधिवेशनको मिति तोकेको छैन ।**

**हरेक संकटमा नेतृत्व वा अगुवाइ गर्ने दलको रूपमा चिनिन्छ कांग्रेसलाई । २००७ सालदेखि विभिन्न राजनीतिक उतारचढावहरूमा कांग्रेसले नेतृत्वदायी भूमिका निभाउँदै आएको छ । २०१७ मा राजा महेन्द्रको कूपछि २०३६ मा देश जोगाउन भन्दै मेलमिलापको नीति लिएर बिपी कोइराला भारतबाट देश फर्किए । २०४७ मा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईकै नेतृत्वमा संविधान जारी भयो । २०५२ बाट सुरु भएको माओवादी द्वन्द्वलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गरी नयाँ संविधान कांग्रेसकै नेतृत्वमा जारी भयो । २०७४ मा कमजोर अवस्थामा पुगेको कांग्रेसले आफैं हारेर पनि निर्वाचन गरायो । बामपन्थी दलहरूको झगडाका कारण प्रतिनिधिसभा विघटन भएर संकटमा पुगेको बेला २०७८ मा चुनावी सरकारको नेतृत्व लिएर कांग्रेसले निर्वाचन गरायो ।**

**यस्तै अप्ठेरो परिस्थितिहरूमा कांग्रेसले देशको अवस्था सम्हाल्दै आएको छ । यसैले पनि अहिलेका संकट पार लगाउने जिम्मेवारीबाट कांग्रेस पन्छिन मिल्दैन । यसका लागि मुख्य बाटो भनेको निर्वाचनमा जानु हो । निर्वाचनमा यही नेतृत्व लिएर जाँदा कांग्रेसलाई निकै नोक्सान पुग्ने कांग्रेसकै नेताहरूले बताइरहेका छन् । त्यसैले तत्काल महाधिवेशनको मिति तोकेर अगाडि बढ्नुमा नै कांग्रेसको भलाइ हुने देखिन्छ । असोज २८ बाट बस्ने केन्द्रीय समितिले कांग्रेसको अबको महाविधेशन तोकोस् ।**

# मुटु र दाँतको दुस्मन चिनी



■ डा. अरुणा उप्रेती

परम्परागत भोजनशैलीमा परिवर्तन भएकाले चिनीको उपभोग धेरै भएको पाइन्छ । हामी बिहान उठेदेखि बेलुकासम्म अनेक तरिकाले चिनी उपभोग गर्छौं । उदाहरणका लागि चिया, दूध, केक, कुल्फी, बिस्कुट, पाउरोटी आदिमा चिनी प्रशस्त प्रयोग भएको पाइन्छ । चाडबाड र देवीदेवताका प्रसादको रूपमा त झन् चिनीको मात्रा धेरै प्रयोग हुन्छ । केटाकेटीको बिहान र दिउँसोको खाजामा पनि धेरै चिनीको प्रयोग हुने भएकाले नेपाली केटाकेटीमा दाँतसम्बन्धी समस्या उच्च छ ।

चिनी खान जति गुलियो छ, उति नै स्वास्थ्यका लागि पनि हानिकारक छ । चिनी हाम्रो भान्सादेखि पूजाआजामा पनि प्रयोग हुने गर्दछ । भनिन्छ, चिनी धेरै खायो भने तीतो हुन्छ । स्वादमा मात्र होइन, यसले हाम्रो स्वास्थ्यमा पार्ने असरका दृष्टिले पनि उपयुक्त छैन । चिनीको प्रयोग धेरै वर्षअघिदेखि हुँदै आएको छ । करिब २५सय वर्षअघि उखुबाट चिनी बनाउने प्रक्रिया भारतमा सुरु भयो र बिस्तारै चीन, पश्चिम अफ्रिका, ब्राजिलहुँदै विश्वभर फैलियो । प्रारम्भमा चिनी उत्पादन गर्नु खर्चिलो हुने भएकाले धेरै महँगो पर्थ्यो र धनी मानिसहरूले मात्र चिनी प्रयोग गर्न सक्थे । राजा–महाराजालाई अन्य सुन र चाँदीका गहनाजस्तै गरेर चिनीलाई उपहारस्वरूप दिइने चलन थियो । जब संसारका विभिन्न ठाउँमा चिनीको उत्पादन हुन थाल्यो, तब आममानिसले पनि यसको प्रयोग गर्न थाले ।

सन् १८८५ बाट चिनीको प्रयोग कोकाकोलाबाट सुरु भयो । त्योबेला कोकलाई 'ब्रेन टनिक' अर्थात् मस्तिष्क तीक्ष्ण पार्ने वस्तु भनेर गलत प्रचार गरिएको थियो । चिनी बनाउने कम्पनीले मानव शरीरमा चाहिने ऊर्जा ग्लुकोजले दिन्छ र चिनी खाएपछि शरीरमा ग्लुकोज पुग्छ । शरीरमा स्फूर्ति आउँछ । अर्थात् जति खायो उति राम्रो भनेर प्रचारप्रसार गरे । तर जिब्रोको स्वादका लागि सेवन गरेको चिनी हानिकारक छ, यसले क्षणिक उत्तेजना दिए पनि दीर्घकालीनरूपमा भने मानव स्वास्थ्यमा असर पुऱ्याउँछ ।

सन् १९२८ मा 'चिनी स्वस्थकर' भनेर विज्ञापन नै सुरु भयो । गर्मीको समय सर्बतमा जाडोमा पेयपदार्थमा चिनी हालेर खाँदा रोग–प्रतिरोधात्मक शक्ति बढ्छ भनेर भ्रामक प्रचार गरियो । यस्तो विज्ञापनबाट प्रेरित भएर अमेरिकामा चिनीको प्रयोग बढ्न थाल्यो । बिस्तारै त्यहाँ मोटोपन पनि बढ्न थाल्यो । चिनी कम्पनीहरूले अनुसन्धानकर्ता र स्वास्थ्यकर्मीलाई पैसाले गोजी भरिदिई 'चिनी स्वस्थकर छ' भनेर अनुसन्धानको निचोड निकाल्न लगाए र धेरै प्रचारप्रसार गरे । तर जनस्वास्थ्य विज्ञहरूले चिनीको खराबीको बारेमा बोल्न थाले । जब २०औं शताब्दीमा अमेरिकामा मधुमेह, फचाटी लिभर, कब्जियत, अल्सर, ग्यास्ट्राइटिस र मोटोपन बढ्न थाल्यो र अस्पतालमा अनेक समस्या लिएर मानिसहरू आउन थाले, तबमात्र जनस्वास्थ्य विज्ञले भनेको कुरामा विश्व समुदायले विश्वास गर्न थाले ।

चिनीले मानिसको मोटोपन बढाउने, मधुमेह गराउने र मुटुरोग लाग्ने भएकाले यसको प्रयोग कम गर्न विश्व स्वास्थ्य संगठनले बोल्न आवश्यक छ' भनेर केही जनस्वास्थ्य विज्ञहरूले सन् २००२ मा सुझाव दिएका थिए । त्यसपछि सो संगठनले 'हामीले खानाबाट प्रत्येक दिन प्राप्त गर्ने क्यालोरी (शक्ति) मध्ये १० प्रतिशतभन्दा बढी चिनीबाट लिनु हुँदैन' भन्यो । अर्थात् हामीले लिने शक्तिको स्रोतमध्ये चिनी १० प्रतिशतभन्दा कम नै हुनुपर्छ र ९० प्रतिशत अन्य खानाको स्रोतबाट प्राप्त गर्नुपर्छ ।

यो कुरा प्रकाशमा आएपछि विशेषगरी अमेरिकाका चिनी उत्पादन गर्ने ठूला कम्पनीहरूले 'विश्व स्वास्थ्य संगठनले जनतामा भ्रम फैलायो' भनेर आक्रोश पोखे । उनीहरूले विश्व स्वास्थ्य संगठनलाई दिने सहयोग कटौती गर्ने निर्णय पनि गरे । साथै ती कम्पनीले अमेरिकाको सिनेटमा प्रभाव पारेर 'चिनीले खराबी गर्ने कुरा प्रचार गरेमा विश्व स्वास्थ्य संगठनलाई अमेरिकाबाट दिँदै आएको आर्थिक सहयोग रोकिदिने धम्की पनि दिन लगाए । चिनी उत्पादक कम्पनीहरूले भनेका थिए, 'हामीले खानाबाट प्राप्त गर्ने दैनिक क्यालोरीमध्ये २५ प्रतिशतसम्म चिनीबाट प्राप्त गर्दा पनि हुन्छ ।' तर जनस्वास्थ्य विज्ञहरूले यो कुरालाई अस्वीकार गरे र धेरै चिनीको उपभोगबाट जनस्वास्थ्यमा हुने हानिका बारेमा आमजनतालाई निरन्तर जागरुक गर्न प्रयत्न गरे ।

चिनीले मानिसको स्वास्थ्यमा कसरी खराबी गर्छ भन्ने विषयमा सन् १९७२ मा नै डा. जोन युड्किनले 'विषालु सेतो चिनी' नामक अनुसन्धानात्मक पुस्तक प्रकाशित गरेका थिए । तर उनको यो अनुसन्धान र अनुभवलाई अमेरिकाका चिनी र चिनीजन्य गुलियो पदार्थ उत्पादन गर्ने कम्पनीले हावामा उडाउने कार्य गरेका थिए । साथै अपवाह फैलाउने कार्य हो भनेर विरोध पनि जनाएका थिए । तर हाम्रो भान्सामा दिनहुँ प्रयोग हुने यस्तो सेतो चिनी एक प्रकारको मन्द विष नै हो । कतिपय मानिसहरू 'सेतो चिनी' राम्रो होइन तर 'खैरो चिनी' चाहिँ स्वस्थकर हो भन्ने ठान्दछन् । वास्तवमा यो कुरा बिल्कुलै सही होइन । प्रारम्भमा चिनीका बारेमा लेख्ने अनुसन्धानकर्ताले मुसामा चिनीको विभिन्न तरिकाले प्रयोग गरेर अध्ययन गरेका थिए । सो शोध अध्ययनअनुसार चिनी प्रयोग गरिएका मुसाहरूमा मुटुरोग, बिर्सने रोग र बाथको रोग बढेको पाइयो । चिनीले मानिसमा पनि विभिन्न किसिमका रोग उत्पन्न गर्ने कुरा अनुभव र अनुसन्धानले सिद्ध गरिसकेको छ ।

परम्परागत भोजनशैलीमा परिवर्तन भएकाले चिनीको उपभोग धेरै भएको पाइन्छ । हामी बिहान उठेदेखि बेलुकासम्म अनेक तरिकाले चिनी उपभोग गर्छौं । उदाहरणका लागि चिया, दूध, केक, कुल्फी, बिस्कुट, पाउरोटी आदिमा चिनी प्रशस्त प्रयोग भएको पाइन्छ । चाडबाड र देवीदेवताका प्रसादको रूपमा त झन् चिनीको मात्रा धेरै प्रयोग हुन्छ । केटाकेटीको बिहान र दिउँसोको खाजामा पनि धेरै चिनीको प्रयोग हुने भएकाले नेपाली केटाकेटीमा दाँतसम्बन्धी समस्या उच्च छ । उच्च रक्तचाप, मोटोपन, मधुमेहजस्ता समस्याहरूको एउटा प्रमुख कारकको रूपमा चिनी रहेको प्रमाणित भएको धेरै भइसकेको छ तर पनि हामी यसतर्फ त्यति सचेत भइरहेका छैनौं ।

विश्व स्वास्थ्य संगठनले सन् २०१४ मा 'वयष्कलाई दैनिक पाँच चम्चाभन्दा बढी र बालबालिकालाई तीन चम्चाभन्दा बढी चिनी खान नदिनु भने पनि अहिले हाम्रो भोजनमा त्योभन्दा निकै बढी मात्रामा चिनी प्रयोग भएको पाइन्छ । सस, बिस्कुट, चाउचाउ आदि गुलियो जस्तो नलाग्ने खानामा पनि चिनी मिसाइएको हुन्छ । त्यस्तै गरी बट्टाबन्द र प्याकेटबन्द गरेको मासु, सुप, स्वस्थकर नास्ता भनिएका बट्टाका बजारे भोजन (जस्तो- मुसेली, कर्नफ्लोर) मा पनि चिनी मिसिएको हुन्छ । तर प्रायः यो कुरा हामी वास्ता नै गर्दैनौं, चिनी भएको थाहा नै नपाई हामी त्यसको उपभोग गरिरहेका हुन्छौं । त्यसैगरी, हर्लिक्स, बोर्नभिटा, भिभा आदि पेयपदार्थ, लस्सी, कोक, फन्टा, पेप्सी, डिउ, मेरिण्डा, फ्रुटी, एपी, सर्बत, लस्सी आदि चिसा पेयपदार्थहरूमा अधिकमात्रामा चिनी मिश्रण हुन्छ ।

चिनी भएको वस्तु खाएपछि यसले दाँतको इनामेल गालेर दाँतमा प्वाल पार्छ । बच्चाको आहारा जस्तोः बोतलबन्द दूध तथा पेय पदार्थहरूमा मिसाइएको गुलियो पदार्थले उनीहरूको कलिलो दाँतमा गम्भीर असर गरेको हुन्छ । तर बच्चाका अभिभावक यस्ता खानामा भएको चिनीले बच्चालाई नोक्सानी गर्छ भन्ने बारेमा अनभिज्ञ छन् । नेपालको सन्दर्भमा कुरा गर्दा मिठाईहरू, गुँदपाक, पुष्टकारी, केक, आइसक्रिम, सेल, मालपुवा आदिमा पनि ठूलो मात्रामा चिनी मिसाइएको हुन्छ र त्यसलाई हामीले अन्धाधुन्ध रूपमा प्रयोग गरिरहेका छौं ।

एक लिटर हलुका पेयमा औसत १४ चम्चा चिनी राखिएको हुन्छ । यसबारेमा हामीले कहिल्यै विचार गरेका हुँदैनौं । तर खाँदा त्यति गुलियो नलागे पनि यसमा भएको अत्यधिक चिनीले हाम्रो स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको हुन्छ । अंग्रेजीमा सुगर भनिने चिनीका माल्टोज, फुल्टोज, ल्याक्टोज आदि अनेक रूपाकारहरू छन् । कतिपय फलफूलको बट्टामा 'सुगर फ्रि' भनेर लेखिएको हुन्छ । तर माल्टोज, फुल्टोज, सुक्रोज आदि स्वरूपमा चिनी रहेको हुन्छ र हामी नजानेर यसको उपभोग गरिरहेका हुन्छौं ।

मकैबाट पनि चिनी बनाइन्छ । विशेषगरी चकलेट, कुकिज बिस्कुट बनाउँदा यसको प्रयोग गरिन्छ । यस्तो प्रकारको गुलियो पदार्थ र पेयले कोलेस्टेरोल (खराब बोसो) को मात्रा बढाउँछ । खराब बोसो बढेपछि यो मुटुका धमनीका भित्ताहरूमा लेउजस्तै टाँसिन पुग्दछ । यसकारण धमनीहरू साँघुरिने वा कडा हुने जटिलता उत्पन्न हुन थाल्छ । यसो हुनेबित्तिकै मुटुका मांसपेशीहरूमा धमनीबाट रगत, अक्सिजन र पोषक तत्व आवश्यकमात्रामा पुग्न सक्दैन । अनि मुटुका मांसपेशीहरू मर्दछन् र हृदयाघात निम्तिन्छ ।

त्यसैगरी शरीरलाई आवश्यक नपरेको चिनी चिल्लो पदार्थ या बोसोमा परिणत हुन्छ । यसैकारण मुटु तथा रक्तनलीमा अवरोध पुग्छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अवनिभुषण उपाध्यायका अनुसार गुलियो ज्यादै खाँदा डायबिटिजको जोखिम बढ्छ । चिनी, सख्खर हालेका वस्तुबाहेक सुगर फ्रि कोक, जुस, मह आदि जुनसुकै रूपमा खाए पनि चिनी नै हो । जसरी खाँदा पनि यदि चिनीको मात्रा बढी छ भने त्यसले असर गर्छ । 'सुगर फ्री' भनिएको वस्तु वास्तवमा 'सुगर फ्री' हुँदैन । स्याक्रिन हालिएको चिया या अन्य पेयपदार्थ स्वास्थ्यका लागि झनै भयानक हुन्छन् । यसले मुटुलाई बिगार्छ । *रासस*

*(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुन्)*

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# दृष्टि सुरक्षाः उज्यालो भविष्यको पहिलो कदम



■ डा.शैलेशकुमारमिश्र

'आफ्नो आँखालाई माया गरौं' भन्ने नाराका साथ आज नेपालसहित विश्वभर नै विश्वदृष्टि दिवस मनाइएको छ । हरेक वर्ष अक्टोबर महिनाको दोस्रो बिहीबारलाई विश्व दृष्टि दिवसका रूपमा विविध कार्यक्रम आयोजना गरी विश्वभर नै मनाउने गरिन्छ ।

यस वर्षको नाराले व्यक्तिगत दृष्टि स्वास्थ्यलाई प्राथमिकता दिने र सबैका लागि सर्वसुलभ र गुणस्तरीय आँखा उपचार सेवा सुनिश्चित गर्ने रहेको छ । सन् १९९८ को अक्टोबर ८ गतेदेखि विश्व स्वास्थ्य संगठन तथा अन्धोपन न्यूनीकरण कार्यमा संलग्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको छाता संगठन आइएपिबीले संयुक्तरूपमा मनाउन सुरु गरेको विश्व दृष्टि दिवसले विश्वमा अन्धोपनको कारक तथा यसको न्यूनीकरणका उपायहरूका सम्बन्धमा आम जनसाधारणसम्म सूचना र जानकारी प्रवाह गरी सचेतना अभिवृद्धि गर्ने कार्यमा सरोकारवाला सबैलाई अझ बढी प्रेरित र प्रोत्साहित गर्ने गरिन्छ ।

हामी आँखा स्वास्थ्य क्षेत्रमा संलग्नहरूका लागि यो दिन अझ विशेष र महत्त्वपूर्ण दिन पनि हो । विश्व दृष्टि दिवसका अवसरमा विभिन्न देशका संस्था, स्वास्थ्यकर्मी र अभियन्ताहरूले आँखाको हेरचाह र नियमित स्वास्थ्य परीक्षणको महत्त्वबारे जनस्तरमा सचेतना फैलाउँछन् । विश्वभर फैलिने यस अभियानले सरकार र नीति निर्माताहरूले आँखा स्वास्थ्यलाई प्राथमिकता दिनुपर्छ भनी सचेत गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

समयमै उपचार र नियमित आँखाको जाँचले दृष्टि गुम्ने जोखिम घटाउनुका साथै शिक्षा, रोजगारी र समग्र आर्थिक सम्भावनालाई पनि मजबुत बनाउँछ । दृष्टि हाम्रा अवसरहरूको ढोका हो- त्यसैले आँखाको हेरचाहलाई हाम्रो दैनिक जीवनको अंग बनाउनु आवश्यक छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०५० सम्म विश्वका करिब ५० प्रतिशत मानिसमा दृष्टिदोषको समस्या देखिन सक्ने अनुमान गरिएको छ । यस जोखिमलाई रोकथाम र न्यूनीकरण गर्नका लागि सबै पक्षबीच सहकार्य गर्दै समुदायस्तरमै आँखासम्बन्धी जनचेतना अभिवृद्धि गर्न आवश्यक छ ।

आँखाको समस्या केवल दृष्टिसँग मात्रै सीमित हुँदैन, यसले व्यक्तिको सिकाइ, मानसिक स्वास्थ्य र समग्र जीवनस्तरमा पनि प्रत्यक्ष प्रभाव पार्छ । यसैले बालबालिकाको दृष्टि स्वास्थ्यमा विशेष ध्यान दिनु जरुरी छ । नवजात शिशु जन्मिएको एक महिना, छ महिना र एक वर्षमा आँखा परीक्षण गराउनुपर्दछ । साथै बालबालिकालाई विद्यालय भर्ना गर्नुअघि र हरेक वर्ष कम्तीमा एकपटक आँखा परीक्षण गराउनु उपयुक्त मानिन्छ । समयमै समस्या पहिचान भएमा यसले दृष्टि गुम्ने जोखिम धेरै नै न्यून हुन्छ ।

आँखाको उपचार केवल चिकित्सकीय उपचारमा सीमित नभई समग्र विकाससँग पनि प्रत्यक्षरूपमा जोडिएको छ । दिगो विकासका १७ लक्ष्यमध्ये आठवटा लक्ष्यहरू आँखा स्वास्थ्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्- गरिबी न्यूनीकरण, गुणस्तरीय शिक्षा, लैंगिक समानता, मर्यादित रोजगारी, असमानता न्यूनीकरण तथा दिगो समुदाय विकासजस्ता क्षेत्रमा दृष्टि स्वास्थ्यले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

एक तथ्यांकअनुसार केवल एउटा चस्माको प्रयोगले पनि कामकाजी व्यक्तिको उत्पादकत्वमा २२ प्रतिशत र विद्यार्थीको अध्ययन सफलतामा ४४ प्रतिशतसम्म सुधार ल्याउन सकिन्छ । त्यसैले, आँखाको हेरचाहलाई व्यक्तिगत होइन, सामाजिक प्राथमिकताको रूपमा लिनु आजको आवश्यकता हो ।

नेपालले आँखा उपचार क्षेत्रमा गरेका कामको प्रगतिको अहिले विश्व समुदायमै प्रशंसा हुने गरेको छ । नेपालको सरकार र गैरसरकारी संस्थाको साझेदारीमा सञ्चालित आँखा स्वास्थ्य सेवालाई विश्वमा नै अनुकरणीय उदाहरणका रूपमा लिने गरिन्छ ।

विगतका दशकको तुलनामा दुबै आँखा नदेख्ने दृष्टिविहीनहरूको अनुपातमा उल्लेख्य कमी आएको छ (सन् १९८१ मा गरिएको सर्वेक्षणमा अन्धोपनको अनुपात ०.८४ प्रतिशत रहेकोमा सन् २०२१ मा यो घटेर ०.२८ प्रतिशतमा रहेको छ) । तर दृष्टि क्षमता कम भएका तथा न्यून दृष्टिको अनुपात भने उल्लेख्यरूपमा बढिरहेको पाइएको छ । आँखासम्बन्धी विश्व स्वास्थ्य संगठनले दिएको मार्गदर्शन तथा नीतिहरूलाई हाम्रो देशले पनि आत्मसात् गर्दै आएको छ । नेपाल सरकारको विश्व स्वास्थ्य संगठनको महासभाद्वारा पारित 'इन्टिग्रेटेड पिपुल सेन्टर आई केयर'को उद्देश्यलाई अवलम्बन गरी आँखा स्वास्थ्य रणनीति तयार गरिसकेको छ । सन् २०३० सम्ममा विश्वव्यापी लक्ष्यलाई प्राप्त गर्नेगरी कार्ययोजना तर्जुमा गर्ने कार्यसमेत भइरहेको छ । संयुक्त राष्ट्रसंघको २०२१ को महासभामा सबैका लागि दृष्टि तथा दिगो विकासका लक्ष्य प्राप्तिमा आँखा स्वास्थ्यको महत्त्वपूर्ण भूमिका रहेको महसुस गरिएको परिप्रेक्ष्यमा आगामी दिनमा पनि नेपालको आँखा स्वास्थ्य सेवालाई सर्वसुलभ सबैको पहुँचमा पुऱ्याइ दिगो विकासको स्वास्थ्यसम्बन्धी लक्ष्य प्राप्त गर्न हामी एक सेवा प्रदायकका रूपमा कटिबद्ध छौं ।

आँखा स्वास्थ्यका क्षेत्रमा थपिँदै गएका नयाँ-नयाँ चुनौतीलाई आकलन गर्नुपर्ने खाँचो छ । बढ्दो जनसंख्या वृद्धिदर, औसत आयुमा वृद्धि, प्रविधिको अत्यधिक प्रयोग, वातावरणीय जोखिमयुक्त बसोबास, आधुनिक खानपान आदि कारणबाट आँखा स्वास्थ्यमा पर्न जाने नकारात्मक असर र उत्पन्न हुने नयाँ-नयाँ आँखारोगको निवारणका लागि पूर्वतयारी र आवश्यक रोकथामका विधिको विकासमा समयमै ध्यान नदिने हो भने हाम्रा आजसम्मका उपलब्धिको महत्त्व न्यून हुन जाने छ ।

आगामी दिनहरूमा आँखासम्बन्धी समस्याको प्रभावकारी समाधानका लागि रोकथाम र जोखिम न्यूनीकरणमा ध्यान दिनु अत्यावश्यक छ । यसका साथै, आँखाको स्वास्थ्यबारे जनचेतना अभिवृद्धि गर्न तीनै तहका सरकार (संघीय, प्रदेश तथा स्थानीय तह)बीच सशक्त समन्वय, लगानी र सक्रिय भूमिका अपरिहार्य छ । त्यसैले सबै सम्बद्ध निकायहरूले आ-आफ्नो तह र जिम्मेवारी अनुसार प्राथमिकता निर्धारण गरी कार्यान्वयनतर्फ अघि बढ्नु आवश्यक छ । *रासस*

*(लेखक नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक हुन्)*



**परालको मुठा ▌** काठमाडौँको तारकेश्वर नगरपालिका–९ मनमैजु खेतमा पराल सुकाउन मुठा बनाउँदै किसान । *तस्बिरः रासस*

# आयातीत प्रसाद रोक्न ‘रोट’ बनाइँदै

■ **डम्मर बुढामगर**



**ढोरपाटन (बागलुङ)**– बागलुङ नगरपालिका-१ का डम्मरबहादुर मल्ल बिहान झिसमिसेमै कालिका मन्दिर गेटमा पुग्छन् । जहाँ उनको सानो पसल र रोट (मन्दिरमा चढाउने प्रसाद) बनाउने अँगेनो छ । मन्दिरमा भक्तजन आउनुपूर्व नै मल्लले ‘रोट’ बनाउन सुरु गर्छन् । मन्दिरमा आउने भक्तजन मल्लको रोट पकाउने अँगेनो छेउमै आएर तात्तातो रोट लिएर चढाउन जान्छन् । मल्ल बिहानदेखि साँझसम्मै रोट बनाउनमा व्यस्त छन् । अहिले उनको दैनिकी रोट बनाउने र बिक्री गर्नमै बित्ने गरेको छ ।

मन्दिरमा आउने दर्शनार्थीले प्रसादका रूपमा आयातीत तयारी मिठाई तथा नरिवल चढाउने चलन बढेपछि मल्लले मन्दिर गेटमै पसल स्थापना गरेर रोट बनाउन थालेका हुन् । अहिले उनले उत्पादन गरेको रोट बागलुङमा ब्राण्ड बन्दै गएको छ । मन्दिरमा आउने हरेक दर्शनार्थीले मल्लले रोट बनाएको हेर्छन् । कतिले किन्छन् त कतिले रोट बनाएको देखेर मुख मिठाउँदै फर्किन्छन् । भगवान्लाई चढाउने रोट मल्ले बनाउन थालेपछि कालिका मन्दिरसँगै म्याग्दी, पर्वत र मुस्ताङ जिल्लाका अन्य मन्दिर पनि यहाँबाट किनेर लैजाने गरेका छन् ।

डम्मरले आयातीत प्रसाद रोक्न छ वर्ष अगाडिदेखि यहाँ रोट बनाउन थालेका हुन् । बागलुङ कालिकामा दुई दशक अगाडिसम्म रोट चढाइन्थ्यो । लामो समय मिठाई, नरिवललगायत अन्य प्रसाद चढाउन थालिएको कालिकामा अहिले फेरि रोट चढाउन सुरु भएको छ । पहिले पूजाअर्चना गर्न आउने दर्शनार्थीले घरबाटै तयारी रोट लिएर कालिका मन्दिरलाई चढाउने गरेकामा अहिले मल्लको पसलबाट किन्न थालिएको छ । बागलुङमा रोट बनाउने मल्ल एक्लो व्यवसायी छन् । भगवान्लाई स्थानीय उत्पादन नै चढाउनुपर्छ भन्ने उद्देश्यले रोट बनाउन थालेको मल्ल बताउँछन् ।

पहिले हरेक नागरिकले मन्दिरमा पूजा गर्न आउँदा रोट ल्याउने गरेको स्मरण गर्दै त्यो परम्परालाई पुनः फर्काउनुपर्ने उनले बताए । रोटलाई कालिका मन्दिर चढाइने शुद्ध र चोखो प्रसादका रूपमा लिने हुँदा पछिल्लो समय धेरैले रोट चढाउन थालेको मल्लको भनाइ छ । दुई-तीन वर्ष अगाडिसम्म बूढापाकाले मात्र रोट किनेर चढाउने गरेको भए पनि पछिल्लो समय युवायुवतीले पनि चढाउन थालेका उनले सुनाए ।

‘कालिकामा रोट चढाउने त पुरानो प्रचलन हो, मौलिकता हो, तर पछिल्लो समय धेरैले बाहिरबाट ल्याएको प्रसाद चढाउन थाले, त्यसले गर्दा रोटको महत्त्व घटेको थियो, अहिले फेरि धेरैमा रोट चढाउनुपर्छ भन्ने सोचको विकास भएको छ,’ मल्लले भने, ‘यहाँ बनाउने रोट शुद्ध हुन्छ, केही मिसावट हुँदैन, भक्तजनलाई उहाँहरूकै आँखा अगाडि रोट बनाएर दिन्छौं, अहिले त धेरैले रोट चढाउनुपर्छ भनेर आउनुहुन्छ, विस्तारै रोट चढाउने थिति बस्दै छ ।’

मल्लले रोट बनाउन थालेपछि सुरुमा बिक्री हुँदैनथ्यो । उनलाई स्थापित हुन निकै गाह्रोसमेत भएको थियो । तर अहिले मल्लको व्यवसाय फस्टाउन थालेको छ । अहिले पनि मन्दिरमा हजारौं भक्तजन आए पनि सीमितले मात्र रोट चढाउने गरेका छन् । तर यसबाट मल्ल भने सन्तुष्ट रहेको बताउँछन् । मल्लले दसैं अवधिमामात्र दुई लाखको रोट बिक्री गरे । हरेक दिन ५० देखि १०० रोट बिक्री हुने उनले सुनाए ।

चामलको पीठोमा चिनी, नरिवल, बदाम, काजु मिसाएर घिउमा रोट पकाउने गरिन्छ । प्रतिगोटा रोटलाई ४०० रूपैयाँका दरले बिक्री गर्ने गरेको मल्लले सुनाए । वार्षिक सात लाख रूपैयाँबराबरको रोट बिक्री हुने उनको भनाइ छ । रोट बिक्री गरेर भगवान्को सेवा गरेको भन्दै यहीबाट आफ्नो परिवार चलाएको मल्लले बताए ।

पछिल्लो समय कालिका मन्दिरमा बर्सेनि ५० लाखभन्दा बढीको नरिवल बिक्री हुने गरेको छ । कालिका दर्शन गर्न आउने जोकोहीको हातमा पनि नरिवल हुन्छ । तर, पछिल्लो पुस्ताले बिर्सिएको रोट चढाउने परम्परा अहिले पुनः प्रचलनमा आउन थालेको छ । मन्दिर आउने बूढापाकाले रोट खोजेरै चढाउन लैजाने गरेका छन् । *रासस*

# सुरक्षा माग्दै राउटे समुदायका युवा

■ **टेकराज केसी**

**भेरीगंगा (सुर्खेत)**– राउटे समुदायमा त्रास सिर्जना गर्ने एक युवालाई राउटे समुदायका युवाहरूले यही असोज २४ राति नियन्त्रणमा राखे । सुर्खेतको लेकबेंसी नगरपालिकाका ती युवकले मदिरा सेवन गरी रातिका समयमा राउटेबस्तीमा छिरेका थिए । शनिबार बिहान ती समुदायका युवाहरूले नजिकैको प्रहरीलाई खबर गरी ती युवालाई प्रहरीको जिम्मा लगाएका थिए । त्रास सिर्जना गर्ने युवकलाई आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता मोहनजंग बुढ्थापाले जानकारी दिए ।



पछिल्लो समय बाह्य व्यक्तिहरूको अनधिकृत प्रवेशले राउटे समुदायले असुरक्षित महसुस गर्न थालेका जनाइएको छ । आफ्नै जीवन्त रीतिरिवाज र वेशभूषामा जंगलमा बस्दै आएका उनीहरूका बस्तीमा जथाभावी बाह्य व्यक्तिहरूको प्रवेशले असुरक्षित बन्न थालेका हुन् । विभिन्न बहानामा राउटे बस्तीमा जाने र त्यहाँ विभिन्न अवाञ्छित क्रियाकलाप गर्ने प्रवृत्ति बढेको उनीहरूको भनाइ छ ।

कर्णालीका विभिन्न ठाउँमा फिरन्ते रूपमा जीवन बिताउँदै आएका राउटे समुदायमाथि केही वर्ष अगाडि पनि अवाञ्छित काम गर्ने केही व्यक्तिलाई प्रहरीले कारबाही गरेको थियो । राउटे समुदायका युवा दीपक शाही भन्छन्, ‘बाहिरबाट बिनाकाममा बस्तीभित्र आउने गर्दा आफूहरूलाई असहजता बनाएको छ । रातिमा बस्तीभित्र बाहिरका मानिस आउन थालेपछि झनै असुरक्षित हुन थालेको छ, हामीलाई सुरक्षा चाहियो । हिजोमात्र हाम्रो बस्तीमा रक्सी खाएर एक जना मान्छे आएर हल्ला गऱ्यो । अरु बेलामा पनि जथाभावी मानिसहरू आउँदा हामी त्रासमा छौं ।’ उनले दिउँसोको समयमा राउटे बस्तीमा आए पनि रातको समयमा मादक पदार्थ सेवन गरेर नआउन आग्रह गरे ।

यस्तै, राउटे समुदायको रेखदेखका लागि काम गर्दै आएका सोसेकका दुर्गा खत्रीले पनि पछिल्लो समय राउटे समुदायमा सुरक्षा चुनौती थपिएको जनाउँदै बस्तीको लागि प्रहरी खटाउन आवश्यक रहेका औंल्याए । राउटे बस्तीमा प्रहरी चाहिएको अवस्था छ । उनले भने, ‘यहाँ बाहिरको मानिसहरू धेरै आउने, भिडियो बनाउनेसँगै रातिको समयमा गलत मानिसहरूको प्रवेश बढ्दै जाँदा राउटेको सुरक्षा जोखिम बढ्दो छ ।’

उनले राउटेहरूलाई भत्ताको सट्टा राशन दिनुपर्ने जनाउँदै भत्ताका रूपमा रकम दिँदा उनीहरू मदिराको लतमा फस्दै गएकाले उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको बताए । यसले पनि राउटेहरूको सुरक्षामा चुनौती थपिएको बताए ।

### भाइरल ज्वरोको संक्रमण

केही दिनदेखि राउटे समुदायमा भाइरल ज्वरोको संक्रमण बढ्दै गएको पाइएको छ । सुरुमा दुई जनामात्रै बिरामी परेकामा पछिल्लो एक हप्ता २५ जना बिरामी परेका छन् । उनीहरूले डेंगुलगायतका अन्य चेकजाँच गर्न नदिने गरेको भन्दै प्राथमिक उपचारमात्र गर्ने गरिएको राउटे समुदायको उपचारका लागि खटिएकी स्वास्थ्यकर्मी अनुजा पन्त बताउँछिन् ।

‘अहिले राउटे बस्तीमा ज्वरोको संक्रमण बढ्दो छ, पछिल्लो एक हप्तादेखि २५ जनाभन्दा बढी बिरामी पर्नुभएको छ, उहाँहरूले डेंगु चेकजाँच गर्न दिनुहुन्न । हामीले प्राथमिक उपचारमात्र गरेका छौं । अन्य समस्या चेकजाँच गर्नका लागि उहाँहरू ‘कन्भिन्स’ हुनुहुन्न,’ उनले भनिन् । *रासस*


## स्कुटर हराएको सूचना

मिति २०८२/०५/२४ गते रातिको करिब ८:३० बजेको समयमा जेन-जी प्रदर्शनका बेला काठमाडौं महानगरपालिका वडा नं. २८ रामशाह पथस्थित ट्राफिक प्रहरी कार्यालयभित्र पार्किङ गरी राखिएको स्कुटर हराएको हुँदा देख्नु वा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न बमोजिमको सम्पर्क नम्बरमा खबर गरी दिनुहुन अनुरोध छ ।

**कम्पनीको नाम :** DIO SCOOTY होन्डा
**धनीको नाम :** रेखा राई
**स्कुटर नं.:** बा.प्र. ०२-०५३-प ६२१५
**च्यासिस नं.:** ME4JK38IDRN000037
**इन्जिन नं. :** JF98E6004250
**रंग :** Yellow Metallic
**ठेगाना :** धरान उप-महानगरपालिका-२०, सुनसरी, हाल : भक्तपुर
**सम्पर्क नं.** ९८११०४१४५४



## मलेसियामा रोजगार

कम्पनी : SHELTER SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331381 | चलानी नं. ६०२४५२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ५७,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: बुटवलमा मिति २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ । (बुटवल सम्पर्क नं. ९८११४३८८६१)
नेपालगंजमा मिति २०८२ कार्तिक २ गते (19th Oct. 2025) मा हुनेछ (नेपालगंज सम्पर्क नं. ९८१२५६८१४६)
जनकपुरमा मिति २०८२ कार्तिक २ गते (19th Oct. 2025) मा हुनेछ (जनकपुर सम्पर्क नं. ९८१५८६३०८३)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60

NEPAL PLACEMENT AGENCY PVT. LTD.
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999, Mob: Nepaljung: 9858024576, 9868127802
Rautahat: 9843195764, Dhangadi: 9848844526, Butwal: 9801977544, KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com



## साउदीमा रोजगार

कम्पनी : OSUS AL-MAWANI CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०६/२१ | LT. No. 331954 | चलानी नं. ६०२४५९६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver Truck/Trailer | 1 | 0 | 1800 | ६७,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ३ गते (20th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067

K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
